# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, साउन २३ गते २०४६ साल (संख्या १७


## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

#### निजामती (सेवा सत्ताइसौं संशोधन) नियमावली, २०४६

निजामती सेवा नियमावली, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "निजामती सेवा (सत्ताइसौं संशोधन) नियमावली, २०४६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. निजामती सेवा नियमावली, २०२१ को नियम ३.१ मा संशोधनः निजामती सेवा नियमावली, २०२१ को नियम ३.१ को उप-नियम (३) पछि देहायको उप-नियम (४) थपिएको छः–

"(४) अर्थ मन्त्रालय वा सोअन्तर्गत कार्यालयहरूमा कार्यरत कर्मचारीहरूलाई अन्यत्र सरुवा गर्दा र अर्थ मन्त्रालय वा सोअन्तर्गत कार्यालयहरूमा कुनै निजामती कर्मचारीलाई पदस्थापना गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिई गरिनेछ।"

आज्ञाले,

विमलराज बस्नेत

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

209